आकाशवाणी

April 19th, 2025 Saturday

**प्रमुख समाचार:**

१. प्रधानमन्त्री नरेन्द्र मोदी मङ्गलबार साउदी अरबको दुई दिने भ्रमणको लागि प्रस्थान गर्नुहुने

२. सरकारले देशमा स्वास्थ्य सेवामा समग्र दृष्टिकोणका साथ काम गरिरहेको केन्द्रीय गृहमन्त्री अमित शाहको भनाइ

३. दिल्लीको मुस्तफाबाद क्षेत्रमा एउटा भवन भत्किँदा चार जनाको मृत्यु, १२ जना भग्नावशेषमुनि फसेको आशंका

४. संयुक्त प्रवेश परीक्षा- JEE मेन्स २०२५को दोस्रो सत्रको नतिजा घोषित

५. अनि IPL T20 क्रिकेट खेलमा गुजरात टाइटन्सले दिल्ली क्यापिटल्ससँग प्रतिस्पर्धा गर्दै

1. PM Saudi Arabia Visit

प्रधानमन्त्री नरेन्द्र मोदी साउदी अरेबियाका युवराज तथा प्रधानमन्त्री मोहम्मद बिन सलमानको निमन्त्रणामा मंगलबार साउदी अरबको दुई दिने भ्रमणका लागि प्रस्थान गर्नु हुनेछ । विदेश मन्त्रालयले आज जारी गरेको विज्ञप्ति अनुसार सन् २०१६ र २०१९ पछि प्रधानमन्त्री मोदीको यो तेस्रो साउदी अरब भ्रमण हुनेछ ।

2. Amit Shah - Liver Day

केन्द्रीय गृहमन्त्री अमित शाहले सरकारले देशमा स्वास्थ्य सेवामा समग्र दृष्टिकोणका साथ काम गरिरहेको बताउनुभएको छ। विश्व कलेजो दिवसको अवसरमा नयाँ दिल्लीमा आयोजित स्वस्थ कलेजो–स्वस्थ भारत कार्यक्रमलाई सम्बोधन गर्दै श्री शाहले यस्तो बताउनुभएको हो। श्री शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा विगत ११ वर्षमा स्वास्थ्य पूर्वाधारमा उल्लेख्य विस्तार भएको बताउनुभयो । मानिसहरूलाई कलेजो रोगहरूबारे चेतना बढाउनुपर्ने महत्त्वलाई प्रकाश पार्दै श्री अमित शाहले राम्रो स्वास्थ्य कायम राख्न पौष्टिक आहार, पर्याप्त निद्रा र नियमित व्यायाममा विशेष जोड दिनुभयो । केन्द्रीय स्वास्थ्यमन्त्री जगत प्रकाश नड्डाले खानामा तेलको मात्रा १० प्रतिशतले घटाएर स्वस्थ जीवनशैली अपनाउन आग्रह गर्नुभएको छ। श्री नड्डाको पोष्टको जवाफ दिँदै, प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व कलेजो दिवसको सन्दर्भमा आहार र स्वस्थ जीवनशैलीमा ध्यान केन्द्रित गर्ने पहललाई सराहनीय प्रयास भन्नुभयो ।

3. Rajnath – Lucknow

रक्षामन्त्री राजनाथ सिंहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा देशमा नयाँ खेल संस्कृतिको विकास भएको बताउनुभएको छ । आज लखनउमा संसद खेल महाकुम्भको उद्घाटन गरेपछि श्री सिंहले केन्द्र र उत्तर प्रदेश सरकारहरूले खेलकुदमैत्री नीतिहरू अपनाएका छन् भन्नुभयो । फलस्वरूप, साना सहरका युवाहरूले आफ्नो प्रतिभा प्रदर्शन गर्ने मौका पाइरहेका छन्। सरकारले सन् २०३६ मा हुने ओलम्पिक खेलकुद आयोजना गर्न हरसम्भव प्रयास गरिरहेको श्री सिंहले बताउनुभयो।

4. MEA Bangladesh Murder

बंगलादेशमा अल्पसंख्यक हिन्दू नेता भावेश चन्द्र रोयको अपहरण र हत्याको भारतले कडा निन्दा गरेको छ । सामाजिक सञ्जालमा विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले बंगलादेशको अन्तरिम सरकारमा हिन्दू अल्पसंख्यकहरूमाथि यस्ता घटनाहरू निरन्तर भइरहेको र जिम्मेवार व्यक्तिहरू सजायबाट उम्किरहेका छन् भन्नुभयो। नयाँ दिल्लीले अन्तरिम सरकारलाई हिन्दू लगायत सबै अल्पसंख्यक समुदायको सुरक्षाको लागि आफ्नो जिम्मेवारी पूरा गर्न पुनः आह्वान गरेको छ।

5. WB Governor

पश्चिम बंगालका राज्यपाल डा सी.वी. आनन्द बोसले वक्फ संशोधन ऐन विरुद्ध हिंसात्मक प्रदर्शनमा मारिएकाहरूको परिवारलाई सबै सम्भव सहयोग गर्ने आश्वासन दिनुभएको छ। राज्यपालले आज मुर्शिदाबाद जिल्लाको शमशेरगञ्जको हिंसा प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो र यस महिनाको 12 तारिखमा हिंसात्मक भीडद्वारा मारिएका परिवारका सदस्यहरूलाई भेट्नुभयो। प्रहरीले यस घटनामा मुख्य अभियुक्त इन्माजुल हकसहित तीन जनालाई पक्राउ गरेको छ ।

6. Pharma Export

गत आर्थिक वर्षमा भारतको औषधि निर्यात ९ प्रतिशतले बढेर ३० अर्ब डलर नाघेको छ । अमेरिका एक तिहाइ भन्दा बढी हिस्साको साथ भारतको औषधि निर्यातको लागि प्रमुख बजार हो। आधिकारिक तथ्यांकअनुसार औषधिको निर्यात अघिल्लो आर्थिक वर्ष २७.५ अर्ब डलरको तुलनामा आर्थिक वर्ष २०२४-२५ मा नौ प्रतिशतले बढेर ३० अर्ब डलर पुगेको छ । गत वर्ष, बेलायत, ब्राजिल, फ्रान्स र दक्षिण अफ्रिका पनि भारतको औषधि निर्यात सूचीमा प्रमुख देशहरू थिए।

7. Punjab – Terror Conspiracy

पञ्जाब प्रहरीले राज्यको शान्ति भंग गर्ने एक ठूलो षडयन्त्रलाई विफल पार्दै आईएसआई-समर्थित आतंकवादी मोड्युलहरू पर्दाफास गरेको छ र 13 संचालकहरूलाई हतियार र गोला बारुदको भण्डारसहित पक्राउ गरेको छ। पञ्जाबका प्रहरी प्रमुख गौरव यादवले यी मोड्युलहरू फ्रान्स र ग्रीसमा रहेको बब्बर खालसा इन्टरनेशनलका अपरेटिभहरूले सञ्चालन गरिरहेको बताउनुभयो ।

8. Delhi Police - Drugs

दिल्ली प्रहरीको अपराध शाखाले अफगानिस्तान, पाकिस्तान र भारतबीच चलिरहेको लागूऔषध गिरोहलाई पर्दाफास गरेको छ । यस घटनामा धेरैलाई पक्राउ समेत गरिएको प्रहरीले जनाएको छ ।

9. Delhi – Building Collapsed

दिल्लीको मुस्तफाबाद क्षेत्रमा आज बिहान एउटा चार तले भवन भत्किँदा चार जनाको मृत्यु भएको छ भने १२ जना भग्नावशेषमा फसेको आशंका गरिएको छ । राष्ट्रिय प्रकोप प्रतिक्रिया बलका उपमहानिरीक्षक मोहसिन शाहिदीले एनडीआरएफ र अन्य एजेन्सीहरू उद्धार कार्यमा संलग्न रहेको बताउनुभयो। दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले घटनाको छानबिन गरी दोषीलाई कडा कारबाही गरिने बताउनुभएको छ।

10. NTA JEE Result

राष्ट्रिय परीक्षा एजेन्सी एनटीएले संयुक्त प्रवेश परीक्षा-जेईई मेन्स २०२५ को दोस्रो सत्रको नतिजा आज बिहान सार्वजनिक गरेको छ । यस पटक कुल २४ जना विद्यार्थीले NTA मा १०० अंक प्राप्त गरेका छन्।

11. Aryabhatta 50 years

भारतको पहिलो भूउपग्रह आर्यभट्टले आज ५० वर्ष पूरा गरेको छ । एक रिपोर्टअनुसार भारतीय अन्तरिक्ष अनुसन्धान संगठन - ISRO द्वारा निर्मित, यो उपग्रह कापुस्टिन यारबाट सोभियत संघको सहयोगमा प्रक्षेपण गरिएको थियो।

12.Musk- PM Call

टेस्लाका मुख्य कार्यकारी अधिकारी एलोन मस्कले यस वर्षको अन्त्यतिर भारत भ्रमण गर्ने बताउनुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको पोस्टबारे प्रतिक्रिया दिँदै उहाँले श्री मोदीसँग कुरा गर्न पाउनु आफ्नो लागि सम्मानको कुरा पनि भन्नुभयो । हिजो, प्रधानमन्त्री नरेन्द्र मोदीले श्री मस्कसँग कुराकानी गर्नुभयो अनि प्रविधि र नवीनताका क्षेत्रमा सहयोगबारे चर्चा गर्नुभयो।

13.Sports News

अब खेल समाचारः **आईपीएल क्रिकेटमा** आज गुजरात टाइटन्सले दिल्ली क्यापिटल्ससँग अहमदाबादमा प्रतिस्पर्धा गर्दैछ भने जयपुरमा साँझ ७.३० बजेदेखि राजस्थान रोयल्सले लखनउ सुपर जाइन्ट्सको सामना गर्नेछ । **स्क्वासमा** भारतका वीर छोटारानी र अनाहत सिंह आज मलेसियामा जारी विश्व च्याम्पियनसिप एसिया छनोट प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन् । प्रतियोगिताको विजेताले मे ९ देखि १७ सम्म शिकागोमा हुने विश्व च्याम्पियनसिपमा खेल्ने मौका पाउनेछ ।

**प्रमुख समाचार पुन: एकपटक**

१. प्रधानमन्त्री नरेन्द्र मोदी मङ्गलबार साउदी अरबको दुई दिने भ्रमणको लागि प्रस्थान गर्नुहुने

२. सरकारले देशमा स्वास्थ्य सेवामा समग्र दृष्टिकोणका साथ काम गरिरहेको केन्द्रीय गृहमन्त्री अमित शाहको भनाइ

३. दिल्लीको मुस्तफाबाद क्षेत्रमा एउटा भवन भत्किँदा चार जनाको मृत्यु, १२ जना भग्नावशेषमुनि फसेको आशंका

४. संयुक्त प्रवेश परीक्षा- JEE मेन्स २०२५को दोस्रो सत्रको नतिजा घोषित

५. अनि IPL T20 क्रिकेट खेलमा गुजरात टाइटन्सले दिल्ली क्यापिटल्ससँग प्रतिस्पर्धा गर्दै